नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम
(LGCDP)
कार्यक्रम समन्वय इकाई

प. सं.:- ०७३।७४
च. नं.:- ९६

सिंहदरबार, काठमाण्डौ ।

मिति: २०७३/०४/०३

श्री जिल्ला विकास समितिको कार्यालय (सबै)
श्री महा/ उप-महा/ नगरपालिकाको कार्यालय (सबै)

विषय: **ICT Volunteer को करार सेवा सम्बन्धमा |**

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय/ स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (MoFALD/LGCDP) र त्रिभुवन विश्वविद्यालय, ईन्जनियरिङ अध्ययन संस्थान (TU/IoE) पुल्चोक बीच दुई वर्षका लागि भएको Memorandum of Understanding (MoU) अनुसार IoE द्वारा छनौट तथा सिफारिश भइ मन्त्रालयको मिति २०७१।०३।२० को निर्णय बमोजिम त्यस कार्यालयमा कामकाज गरिरहेको ICT Volunteer को सेवा अवधि गत आ. व. ०७२/७३ को अन्त्य सँगै समाप्त भएको व्यहोरा विदितै छ |

यसरी विभिन्न स्थानीय निकायमा रही कार्यरत ICT Volunteer हरुको सेवा आवश्यक पर्ने निकायहरूले तत्-तत् निकायमा कार्यरत ICT Volunteer को कार्य सम्पादन सन्तोषजनक भएमा सम्बन्धित निकायबाटै करार सेवा लिई काममा लगाउने गरी निर्देशन दिने भनि निर्णय भएकोले तपसिल बमोजिमका सर्तहरु समेत समावेश हुने गरी तहाँबाटै नियमानुसार करार सम्झौता गरी कामकाजमा लगाउन हुन तथा सो को जानकारी यथाशीघ्र यस कार्यक्रम समन्वय ईकाईमा गराउनु हुन मन्त्रालयको मिति २०७३/०४/०२ को सचिव स्तरीय निर्णयानुसार अनुरोध छ |

**करारका सर्तहरू:**

- ICT Volunteer ले आगामी सेवा अवधि भर हाल कार्यरत स्थानीय निकायमा रहि कामकाज गर्नुपर्ने उक्त अवधिभर निजहरुको स्थानान्तरण नहुने |
- ICT Volunteer ले मन्त्रालयले खटाएको अवस्थामा हाल कार्यरत निकाय सहित पायक पर्ने नजिकका अन्य स्थानीय निकायहरुमा समेत सूचना तथा संचार प्रविधि संग सम्बन्धित कार्यहरुमा सहयोग गर्ने |
- ICT Volunteer को पारिश्रमिक तथा अन्य सुविधा र कार्य विवरण (TOR) यसै साथ संलग्न विवरण अनुसार हुने छ |

०७३।०४।०३
रमेश शर्मा
प्रशासकीय अधिकृत

बोधार्थ:
श्री क्षेत्रीय समन्वय ईकाई (सबै)- सम्बन्धित स्थानीय निकायहरूसँग आवश्यक समन्वय गर्न हुन |

नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरवार काठमाण्डौ

## स्थानीय निकाय (जिल्ला विकास समिति, महा/ उप-महा/ नगरपालिकाको कार्यालय) मा खटाइएका

# ICT Volunteer को कार्य विवरण

१. संक्षिप्त विवरण

| | |
|---|---|
| कर्मचारीको पद : **ICT Volunteer** | सेवा प्रकृति: **करार सेवा** |
| कार्यालय: **स्थानीय निकाय (जिल्ला विकास समिति, महा/ उप-महा/ नगरपालिका को कार्यालय)** | सुपरिवेक्षक: **स्थानीय विकास अधिकारी/ कार्यकारी अधिकृत र क्षेत्रीय UNV ICT Experts** |
| कार्य समय: **नेपाल सरकारले निर्धारण गरे बमोजिम** | सेवा अवधि: **एक वर्ष (३१ असार, २०७४ सम्म)** |
| प्रतिबेदन पेश गर्नुपर्ने निकाय: **स्थानीय निकायको कार्यालय / क्षेत्रीय समन्वय इकाई (LGCDP/ RCU)** | मुख्य कार्य: **स्थानीय निकायलाई सूचना तथा संचार प्रविधि र विधुतीय शासनको क्षेत्रमा आवश्यक सहयोग गरी अपेक्षित नतिजा प्राप्त गर्ने।** |

**उद्देश्यहरू**

- स्थानीय निकायको सूचना तथा सेवाहरूमा आम जनताको पहुँच एवं पारदर्शितामा वृद्धि गर्ने।
- स्थानीय निकायको कार्यविधिलाई डिजिटाईजेशन गर्ने प्रक्रियालाई प्रत्यक्ष सहयोग गरी जिल्ला तहको आधारभूत सेवा प्रवाहमा सुधार ल्याउने ।
- विधुतीय शासन (E-governance) अनुरुप स्थानीय निकायका आवश्यकतालाई सम्बोधन गर्न कार्यालयका थप आवश्यकताहरुको संकलन तथा विश्लेषण गर्ने।
- भर्खर स्नातक गरेका युवाहरूलाई स्थानीय शासनको क्षेत्रमा स्वयंसेवा मार्फत पेशागत अनुभवहरू प्रदान गरी रोजगारका अवसरहरूमा सुधार ल्याउने।

२. कार्य विवरणहरू

| मुख्य क्रियाकलापहरु | कार्य सम्पादन सुचक | सुचकको स्रोत |
|---|---|---|
| **ICT Volunteers का कार्यहरु निम्नानुसार हुनेछन्:** | | |
| स्थानीय निकायलाई चौमासिक रुपमा Web-based reporting system (WBRS) र वार्षिक रुपमा DPMAS स्थापना तथा सञ्चालन गर्नको लागि प्राविधिक सहयोग र तालिम उपलब्ध गराउने । त्यस अन्तर्गत MoFALD, अनुगमन तथा मुल्यांकन शाखा र LGCDP, RCU लाई रिपोर्टिङ गनुपर्ने रिपोर्टहरु समयमा रिपोर्टिङ गर्ने ब्यवस्थाको लागि सहयोग गर्ने समेत पर्दछ \| | ● Web-based reporting system (WBRS) तयार भई स्थानीय निकाय को प्रतिबेदन प्रकृयामा प्रभावकारीता आएको<br>● DPMAS मा तथ्यांक प्रबिस्ट भइ जिल्ला स्थित बिषयगत कार्यालय लाई DPMAS सम्बन्धी तालिम र सुचकको तथ्यांकको अधारमा बार्षिक प्रतिबेदन MoFALD अनुगमन तथा मुल्यांकन शाखामा आएको<br>● स्थानीय निकायका विभिन्न सुचना तथा प्रतिवेदन RCU, LGCDP, MoFALD, मा निर्धारित समयमा (त्रैमासिक) र नियमित रुपमा आउने प्रकयाको विकास भएका | ● स्थानीय निकाय को चौमासिक Web based report<br>● स्थानीय निकायको . बार्षिक DPMAS system संचालन र प्रतिबेदन |
| प्रविधिको स्थायी संचालनको लागि स्थानीय निकायको लागि स्थानीय ICT / कम्प्युटर अपरेटर / सुचना अधिकारी कर्मचारीलाई ICT सम्बन्धी ज्ञान तथा सीप हस्तान्तरण गर्न तालिम योजना तर्जुमा तथा कार्यान्वयन गर्ने । | कम्तिमा २ वटा तालिम संचालन भई ICT / IO / कम्प्युटर अपरेटर / सुचना अधिकारी कर्मचारीले दक्षता हाँसिल गरको | तालिम तथा अभिमुखिकरण प्रतिवेदन, स्थानीय निकायको रेकर्ड |

| | | |
|---|---|---|
| Vital Event Registration and Social Security - MIS लाई जिल्ला र गा.बि.समा संचालन गर्न आवश्यक सहयोग प्रदान गर्ने । | व्यक्तिगत घटना दर्ता का सबै प्रकारका सूचना computerised भएको | स्थानीय निकायको पञ्जिकरण शाखाको प्रतिवेदन |
| स्थानीय निकाय लाई पहिलेदेखि नै निर्माण गरिएका सबै सफ्टवेयर (जस्तैः Accounting Software, Revenue software, Assets software आदि) को सेटअप तथा संचालन गरी सही अभिलेख तथा प्रतिवेदन गर्नमा सहयोग पुर्याउने । | स्थानीय निकायमा विद्यमान Software Package सुचारु रुपले संचालनमा आएको | स्थानीय निकायका सम्वन्धित शाखाका प्रतिवेदन |
| स्थानीय निकाय तथा गा.वि.स लगायत विभिन्न विषयगत निकायले प्रदान गर्ने सेवाहरु तथा गतिविधिहरु सम्बन्धी नागरिक वडापत्र र अन्य सार्वजनिक सूचना बोर्डहरु (Digitized) को निर्माण गर्न तथा ती सेवाहरु र गतिविधिहरु सम्बन्धी जानकारीमूलक सामाग्रीहरुको निर्माण गर्नमा IT सम्बन्धी सहयोग प्रदान गर्ने । | नगरिक वडा पत्र तथा अन्य सुचना Digitalise भई (डिजिटल बोर्ड र वेबसाइट दुवैमा) update गर्ने गरिएको | स्थानीय निकायको निर्णय पुस्तिका |
| स्थानीय निकायका कर्मचारीहरु विशेषगरी ICT सम्बन्धी काम गर्ने कर्मचारीहरुलाई office Package, Basic Operating system, desktop features, printer, scanner operation, etc सम्बन्धी अभिमुखिकरण तालिम संचालन गर्ने । | कम्तिमा २ वटा तालिम तथा अनुशिक्षणवाट ICT कार्मचारीले तालिम तथा सिप प्राप्त गरेको । | स्थानीय निकाय को तालिम, अभिमुखिकरण कार्यक्रम संचालन गरेको माईन्यूट, तालिम प्रतिवेदन |
| स्थानीय निकायलाई कर्मचारीको व्यक्तिगत विवरण (Personnel Information System (PIS) को ब्यवस्थापन तथा संचालन नियमित रुपमा गर्न सहयोग गर्ने । | PIS संचालन भई Update गरी अद्यावधी राखिएको। | स्थानीय निकायको रेकर्ड |

| | | |
|---|---|---|
| स्थानीय निकायको कार्यालय, तथा अन्य विषयगत निकायहरुले गत आ.व.मा कार्यान्वयन गरिसकेका तथा हाल कार्यान्वयन गरिरहेका कार्यक्रम/ परियोजनाहरुको लगत व्यवस्थित रुपमा राख्न सहयोग गर्ने। | जिल्ला तहमा भएका सवै प्रकारका (विषगत निकायका लगायतका) विकासका कार्यक्रमको अवस्थाका up to date सूचना Computerized भएको। | स्थानीय निकायको योजना शाखाको प्रतिवेदन। |
| स्थानीय निकायहरुलाई जिल्ला कार्यरत विषयगत निकाय, स्थानीय सेवा प्रदायक, गैह्र सरकारी संस्था, समुदायमा आधारित संघ-संस्थाहरुको ब्यवस्थित विवरण राख्ने प्रणालीको विकास गर्न तथा लगत राख्न सहयोग गर्ने | जिल्ला कार्यरत उल्लेखित सवै उपभोक्ता समुह, स्थानीय सेवा प्रदायक, गैह्र सरकारी संस्था, समुदायमा आधारित संस्थाहरुको संख्या, कार्यक्षेत्र, कार्यक्रम आदि विस्तृत विवरण Update गरिएकको। | स्थानीय निकायको योजना शाखाको प्रतिवेदन। |
| श्रोत नक्शाङ्कनलाई डिजिटाईजेशन गर्ने लगायत जिविस/गाविसको प्रोफाइल बनाउन तथा अद्यावधि गर्नमा सहयोग गर्ने। | स्थानीय निकाय को प्रोफाइल तथा श्रोत नक्शाहरु वर्षिक रुपमा अद्यावधी गरिएको। | जिल्ला सूचना तथा अभिलेख केन्द |
| स्थानीय निकायलाई अचल सम्पत्ती रजिस्टर (Fixed Asset Register) बनाउन तथा त्यसको अद्यावधि गर्नमा सहयोग गर्ने। | स्थानीय निकायको सवै अचल संपत्तीको अवस्था computerised भई अर्धबार्षिक रुपमा अध्यावधी गरिएको। | स्थानीय निकायसम्पत्ति रेजिष्टर |
| जिल्लामा संचलित विभिन्न Cyber Cafe हरुको ब्यवस्थित अभिलेख राख्नमा सहयोग गर्ने। | जिल्लामा संचलित विभिन्न Cyber Cafe हरुको अभिलेख अद्यावधी गरिएको। | स्थानीय निकायको ICT शाखाको प्रतिवेदन |

| | | |
|---|---|---|
| स्थानीय निकायको वेबसाइटलाई अद्यावधिक गर्ने र सञ्चालन गर्नमा सहयोग गर्ने | स्थानीय निकाय को सवै जानकारी सहितको website तयार भई निरन्तर update गरी संचालन गरिएको | स्थानीय निकायको वेबसाइट अध्यावधिक |
| स्थानीय निकायको कम्प्युटर प्रणाली सम्बन्धी दैनिक क्रियाकलापहरु सुचारु रुपमा सञ्चालन भएको सुनिश्चित गर्न सहयोग गर्ने। | स्थानीय निकायका शाखा तथा इकाईहरुमा रहेका कम्प्युटर संचालनमा रहेको। | स्थानीय निकायका स्टोर शाखा प्रतिवेदन |
| स्थानीय निकायका लागि सूचना, संचार र प्रविधि ब्लग Knowledge Management Database (KMDB) मा स्थानीय निकायमा प्रयोगमा आउने ICT सम्बधी लेखहरु (tutorial) प्रकाशित गर्ने | ICT सम्बधी लेखहरु (tutorial) प्रकाशित भएको। | KDMB मा प्रकाशित लेखहरु |
| **स्थानीय निकायहरूको क्षमता अभिवृद्धि गर्ने सन्दर्भमा ICT Volunteer ले निम्नानुसारका कार्य गर्ने अपेक्षा गरिएको छ।** | | |
| LGCDP II को क्षमता विकास रणनीतिको आधारमा जिल्लाको वार्षिक ICT योजना तयार गर्ने। (जस्तैः जिल्ला तहमा ICT Roster को स्थापना गर्ने, ICT Park को संभावना लगायतका विभिन्न कृयाकलापहरु | • वार्षिक रुपमा ICT योजना तयार गरी स्वीकृतिका लागि पेश गरिएको। | ICT योजनाको दस्तावेज |
| जिल्ला तहमा ICT सम्वन्धी क्षमता विकास सम्बन्धी गतिविधिहरु सञ्चालनको लागि सहजीकरण तथा समन्वय गर्ने | • जिल्ला स्तरमा क्षमता विकासका कृयाकलाप संचालन र समन्वय गरेको | तालिम तथा अनुशिक्षण प्रतिवेदन |
| क्षमता विकास सम्बन्धी गतिविधिहरुमा सहभागि हुने। | • क्षमता विकासका कार्यक्रममा सहभागी भएको | क्षमता विकास कृयाकलापमा भाग लिएको पत्र वा प्रमाण पत्र |
| स्थानीय निकाय को ICT status/system को अडिट विवरण संकलन गर्ने। | • वार्षिक रुपमा ICT को अडिट विवरण भएको | अडिट प्रतिबेदन |

| ICT Volunteer हरुलाई थप निम्नानुसारका गतिविधिहरु गर्न प्रोत्साहित गरिनेछः | | |
|---|---|---|
| UNV तथा बाह्य प्रकाशनहरुको अध्ययन गरी स्वयम्सेवाको अवधारणा सम्बन्धमा आफ्नो ज्ञान तथा बुझाई अभिवृद्धि गर्ने र UNV गतिविधिहरुमा सक्रिय सहभागि हुने। (उदाहरणको लागि IVD मनाउने) | ● IVD दिवस मनाएको तथा सो का प्रचार प्रसार समाग्री तयार गरि वितरण गरिएको। | IVD दिवस मनाएका प्रतिवेदन तथा प्रचार प्रसार समाग्रीका प्रति |
| कार्यक्षेत्रको अनुभवहरुको बारेमा लेख, रचना लेख्ने तथा त्यसलाई UNV का प्रकाशन/वेवसाईट, पत्रिका, प्रेस वक्तब्य आदिमा प्रकाशनका लागि पेश गर्ने। | ● कम्तिमा २ वटा सम्वन्धित लेख रचना तयार गरी प्रकाशनका लागि पहल गरिएको। | लेख रचनाका प्रति |
| स्थानीय समुहहरुलाई अनलाईन स्वयम्सेवाको बारेमा सल्लाह दिने वा प्रबद्र्धन गर्ने अर्थात् प्राविधिक रुपमा सम्भव भएमा स्थानीय व्यक्तिहरु तथा समुहहरुलाई ICT को अनलाईन स्वयं सेवा सम्बन्धी सेवाहरु प्रयोग गर्न प्रोत्साहित गर्ने। | ● सम्वन्धित संस्था वा व्यक्तिहरुलाई ICT सम्वन्धी सेवा वारे जानकारी गराएको। | संस्था वा व्यक्तिका नामावली |

**३. कार्यविवरणका लक्ष्य तथा उद्देश्य पूरा गर्न आवश्यक क्षमता तथा स्रोतसाधनहरु**

| सीप तथा क्षमता | स्रोत साधनहरु र उपकरणहरु | सहयोगी व्यवस्थाहरु तथा वातावरण |
|---|---|---|
| सूचना तथा संचार प्रविधिमा दक्षता | ● ल्यापटप<br>● इन्टरनेट | ● कार्यक्रम सम्बन्धमा आधारभूत एवं अन्य विषयगत तालिम, अभिमुखीकरण<br>● सन्दर्भ सामाग्रीहरूको उपलब्धता (नीतिगत दस्तावेजहरू, कार्यक्रम दस्तावेज र कार्य योजना,आदि)<br>● अनुभव आदान प्रदान र सिकाईको अवसर<br>● उपयुक्त कार्य वातावरण (सूचनामा पहुँच, अन्तर सम्बन्धको विकास, उत्प्रेरणा आदि) |

४. आवश्यक न्यूनतम योग्यता र अनुभव

| | |
|---|---|
| शैक्षिक तथा अन्य योग्यता | ● त्रिभुवन विश्वविद्यालय बाट Computer Engineering, Electronics Engineering वा Electrical Engineering मध्ये कुनै एकमा स्नातक पास गरी Information and Communications Technologies सम्बन्धी कोर्स गरेको वा सो सरहको IT सम्बन्धी शिक्षा हासिल गरेको नेपाली नागरिक ।<br>● Modern standard software तथा Operating System सम्बन्धी राम्रो ज्ञान तथा सीप भएकोलाई ग्राह्यता दिइने ।<br>● IT सम्बन्धी राम्रो सीप भएको, Database creation, Website development, Dynamic HTML programming, Network setup and configuration, Security management, Regular backup and maintenance गर्न सक्ने .<br>● MS Office Package सञ्चालनमा राम्रो दक्षता भएको । |

| | |
|---|---|
| **कार्यविवरण र सेवा शर्त अनुसारको काम गर्न मञ्जुर छु ।**<br><br>पद : ICT Volunteer<br><br>नामः ............................................<br><br>दस्तखत :......................................<br><br>मितिः ........................................ | **कार्यविवरण स्वीकृत गर्ने**<br><br>**स्थानीय निकायको नामः** ..............................<br><br>पदाधिकारीको नामः ......................................<br><br>दस्तखतः ........................................<br><br>मितिः ........................................ |

**आ.व. ७३[illegible] का लागि ICT Volunteer ले पाउनु पर्ने रकमको वि[illegible]**

| कार्य अवधी | विवरण | क' वर्ग | ख' वर्ग | ग' वर्ग | घ ' वर्ग | कैफियत |
|---|---|---|---|---|---|---|
| १ देखि १२ महिना सम्म | बेसिक Remuneration स्केल रु. | ३२,५००/- | ३२,५००/- | ३२,५००/- | ३२,५००/- | रा. प्र. तृ. श्रेणीको स्केल रू. ३०,५००/- र निजलाई मासिक रुपमा संचार/ इन्टरनेट खर्च बापत रू. २,०००/- समेत । |
| | दुर्गम जिल्लामा थप Remuneration रु. | ७,५००/- | ५,०००/- | २,५००/- | ०/- | जिल्लाको भौगोलिक वर्गिकरण अनुसार |
| | प्रति महिना ICT Volunteer ले पाउने कूल रकम रु. | ४०,०००/- | ३७,५००/- | ३५,०००/- | ३२,५००/- | |
| १ वर्षको कार्य अवधि पूरा गरे पश्चात मात्र ICT Volunteer लाई प्राप्त हुने एकमुष्ट रकम | वार्षिक भत्ता रु. | ३२,५००/- | ३२,५००/- | ३२,५००/- | ३२,५००/- | बेसिक Remuneration स्केल बराबरको रकम अख्तियारी मार्फत उपलब्ध गराउने । |
| | वार्षिक भत्ता रकममा १०० % थप रकम रु. | ३२,५००/- | ३२,५००/- | ३२,५००/- | ३२,५००/- | |

०७२-३-२२

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाडौं

| जिल्ला को भौगोलिक वर्गीकरण | | | |
|---|---|---|---|
| दुर्गम 'क' जिल्ला | दुर्गम 'ख' जिल्ला | दुर्गम 'ग' जिल्ला | 'घ' जिल्ला |
| Bajhang बझाङ | Achham अछाम | Baglung बाग्लुङ् | Banke बाँके |
| Bajura बाजुरा | Arghakhanchi अर्घाखाँचि | Bardiya बर्दिया | Bara बारा |
| Darchula दार्चुला | Baitadi बैतडि | Dang दाङ् | Bhaktapur भक्तपूर |
| Dolpa डोल्पा | Bhojpur भोजपुर | Dhading धादिङ | Chitwan चितवन |
| Humla हुम्ला | Dadeldhura डडेल्धुरा | Dhankuta धन्कुटा | Dhanusha धनुषा |
| Jajarkot जाजरकोट | Dailekh दैलेख | Gorkha गोरखा | Jhapa झापा |
| Jumla जुम्ला | Dolakha दोलखा | Ilam ईलाम | Kapilvastu कपिलवस्तु |
| Kalikot कालिकोट | Doti डोटी | Kailali कैलाली | Kaski कास्की |
| Manang मनाङ | Gulmi गुल्मी | Kanchanpur कन्चनपूर | Kathmandu काठमाडौं |
| Mugu मुगु | Khotang खोटाङ | Lamjung लम्जुङ् | Kavre काभ्रे |
| Mustang मुस्ताङ | Okhaldhunga ओखलढुङ्गा | Myagdi म्याग्दी | Lalitpur ललितपूर |
| Rolpa रोल्पा | Panchthar पाँचथर | Palpa पाल्पा | Mahottari महोत्तरी |
| Rukum रुकुम | Parbat पर्वत | Sindhuli सिन्धुली | Makwanpur मकवानपूर |
| Sankhuwasabha संखुवासभा | Pyuthan प्यूठान | Sindhupalchowk सिन्धुपाल्चोक | Morang मोरङ |
| Solukhumbu सोलुखुम्बु | Ramechhap रामेछाप | Surkhet सुर्खेत | Nawalparasi नवलपरासी |
| Taplejung ताप्लेजुङ् | Rasuwa रसुवा | Syangja स्याङ्जा | Nuwakot नुवाकोट |
| | Salyan सल्यान | Tanahu तनहुँ | Parsa पर्सा |
| | Tehrathum तेह्रथुम | Udayapur उदयपूर | Rautahat रौतहट |
| | | | Rupandehi रुपन्देही |
| | | | Saptari सप्तरी |
| | | | Sarlahi सर्लाही |
| | | | Siraha सिराहा |
| | | | Sunsari सुनसरी |

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाण्डौं